# सामुदायिक आत्मनिर्भर सेवा केन्द्र
# धापासी, काठमाडौं

## परियोजना सम्बन्धी संक्षिप्त जानकारी

| | |
|---|---|
| **परियोजनाको नाम** | **सामुदायिक भूमि अधिकार अभियान** |
| **कार्य क्षेत्र** | दङ्गीसरण गाउँपालिका, दाङ्ग |
| **सम्पर्क व्यक्ति** | कुमार थापा |
| **सम्पर्क नम्बर/इमेल** | ९८४१२२४२८१, ९८५१२२४२८२/kumar@csrcnepal.org |
| **फोकल व्यक्तिको नाम** | कुमार थापा |
| **फोकल व्यक्तिको इमेल** | kumar@csrcnepal.org |
| **फोकल व्यक्तिको सम्पर्क नम्बर** | ९८४१२२४२८१, ९८५१२२४२८२ |
| **साझेदार संस्था** | अन्तर्राष्ट्रिय भूमि सञ्जाल |
| **परियोजनाको सारंश** | दुई तीहाई नेपालीको जीविकाको स्रोत कृषि हो। भूमिको आर्थिक र सामाजिक महत्वको साथै सांस्कृतिक र राजनीतिक आयामहरू पनि छन् । सरकारले विद्यमान भूमिसम्बन्धी मुद्दा सम्बोधन गर्न केही सुधारका एजेण्डाहरू अगाडि ल्याएको छ । कानुनी सुधारका साथै भूमिहीन र अव्यवस्थित वसोवासीको समस्या समाधान गर्न कार्ययोजना पनि अघि सारेको छ । प्रान्तिय र स्थानीयस्तरमा भूमि सुधारको जिम्मेवारी पुगेको छ। जग्गाको नक्शाङ्कन र रेकर्डको लागि क्रमशः नयाँ प्रवृत्ति अपनाउँदै लगिएको छ।<br><br>यि प्रयासहरू भूमिहीन र खेती गर्ने किसानका लागि स्थानीय तहदेखि राष्ट्रिय तहसम्म भूमि सुधारको माग गर्दै लामो समयदेखि किसानहरूको सङ्घर्षको पृष्ठभूमिमा हेर्नुपर्ने हुन्छ।<br><br>हालै सरकारले राष्ट्रिय भूमि नीति २०७५ पास गरेको छ। राष्ट्रिय भूमि नीतिले विद्यमान भूमि व्यवस्थापन प्रणालीमा विभिन्न अभावको पहिचान गरेको छ । आवास र कृषिको अनौपचारिक प्रयोगका लागि जग्गा छुट्याउने योजना गरेको छ। |

संघीय संसदले जग्गाको वर्गिकरण गरेर भूमिको उचित उपयोगको प्रणाली विकास गर्ने लक्ष्य राखी भूमि उपयोग ऐनलाई अनुमोदन गरेको छ। भू-उपयोग ऐनमा भूमिलाई कृषि, आवासीय, व्यवसायिक, औद्योगिक, खानी तथा खनिज, वन क्षेत्र, नदी खोला ताल सिमसार, सार्वजनिक उपयोग, सांस्कृतिक तथा पुरातात्विक महत्व र अन्य गरी १० प्रकारमा वर्गिकरण गर्नुपर्ने व्यवस्था छ। कानुनमा भएका यि प्रावधानहरूको कार्यान्वयन महत्वपूर्ण छ।

हालको भूमि प्रशासन प्रणालीले औपचारिक भू-सम्बन्धलाई मात्र सम्बोधन गर्छ। नेपालमा कुल भूमिको लगभग २८ प्रतिशत क्षेत्रफल कृषि तथा बसोबास योग्य छ। यसमध्ये ७५ प्रतिशत औपचारिकरूपमा दर्ता गरिएको छ। औपचारिकरूपमा दर्ता गरिएको जग्गाको भूस्वामित्व सुरक्षित हुन्छ। हालको भूमि प्रशासन प्रणालीले कानुनीरूपमा दर्ता नभएको वा अनौपचारिक भू-सम्बन्ध कायम भूमिको लागत वा अभिलेख राख्दैन। यस्तो दर्ता नभएको वा अनौपचारिक भू-सम्बन्ध कायम भएको जग्गाको हिस्सा कुल कृषि तथा बसोबासयोग्य जग्गाको लगभग २५ प्रतिशत र एक करोड कित्ता भएको अनुमान छ।

अनौपचारिक भू-सम्बन्ध भएको भूमिमा निर्भर परिवारहरू असुरक्षित भू-सम्बन्धले गर्दा जहिले पनि विस्थापित हुन सक्ने डरमा हुन्छन्। यसै कारण यी परिवार गरिबीकै अवस्थामा रहने हुन सक्छन्। जमिन बिक्री वा बन्धकी राखी आएको पैसाबाट आफ्नो आर्थिक अवस्था सुधार हुने गतिविधि गर्न असमर्थ हुन्छन्। साथै सरकारले यस्तो भूमि खरिद बिक्रीमा कुनै प्रकारको कर वा शुल्क लागु गर्न सक्दैन। अनौपचारिक भू-सम्बन्धमा भएको भूमिले गर्दा अर्थव्यवस्थामा ठूलो हानि पुगिरहेको हुन्छ। अनौपचारिक भू-सम्बन्धमा रहेका परिवारहरू सरकारीतवरबाट उपलब्ध हुने कुनै क्षतिपूर्ति, अनुदान वा अन्य लाभहरू प्राप्त गर्नबाट पनि वञ्चित हुन सक्छन्। अनौपचारीक भू-सम्बन्धबाट नागरिक र सरकार दुवैलाई नोक्सानी पुगिरहेको छ।

भूमि सम्बन्धी विभिन्न विधी र प्रणालीको विकास गरिरहेको जिएलटिएनले विकास गरेको उद्देश्य सापेक्ष भूमि प्रणाली जसमा सोसियल टेनर डोमेन मोडल भन्ने विधी छ। त्यसबाट गुगल ईमेज र घना बस्ती भएको ठाउँमा ड्रोनको सहायताले तस्विर खिचिन्छ। र ति चित्रहरूमा व्यक्तिको भोग अनुसार जग्गाको रेखाकंन गरिन्छ। जग्गासँग सम्बन्धीत व्यक्ति र परिवारको पनि विस्तृत विवरण लिन सकिन्छ। र भएका प्रमाणहरू पनि संकलन गरी कम्प्यूटीकृत गर्न सकिन्छ।

विशेष भू-उपयोग योजना र सहभागितामूलक प्रक्रियाका लागि प्राविधिक टिम स्थानीय निकायमा तत्काल आवश्यक छ। उचित संरक्षण र व्यवस्थापन संयन्त्रको अभावमा सरकारी, सार्वजनिक र गुठी जमिनको अतिक्रमण र कब्जा हुने गरेको छ। त्यसैले यस्ता जमिनको सुरक्षा र सही उपयोगको लागि हरेक स्थानीय तहमा भू-उपयोगको योजना र कार्यान्वयन आवश्यक छ।

| | |
|---|---|
| **परियोजनाको उद्देश्य** | • समुदाय र स्थानीय सरकारको अगवाईमा भूमिहीन, भूमिको उपयोग गर्ने किसान र जमिनको क्षेत्रफल पहिचान गरी जमिन जोतभोगको आधार प्रमाणपत्र उपलब्ध गराउने ।<br>• समुदायको सहभागिता र अगुवाईमा स्थानीय निकायमा भूमि सम्बन्धी डाटा बेस प्रणाली निर्माण गर्ने ।<br>• अनौपचारिक भूमि उपयोगको नक्शाङ्कन गरी गाईडलाईन विकास गर्ने ।<br>• सहभागितामूलक विधि र सामाजिक नक्शा प्रयोग गरेर सरकारी र सार्वजनिक जमिनको संरक्षण गर्ने ।<br>• समुदाय र स्थानीय निकायको नेतृत्वमा दंगीशरण गाउँपालिकाको भू-उपयोग नीति, ऐन, भू-उपयोग योजना तर्जुमा गर्ने । |
| **अपेक्षित नतिजा( सूचाकांक सहित)** | • अनौपचारिक जमिन उपभोग गर्ने १५ सय भूमिहीन रसाना किसान स्थानीय निकायमा प्रमाणित भई जमिन उपयोगको आधार प्रमाणपत्र प्राप्त गरेका हुनेछन् ।<br>• घरपरिवार अनुसार जमिनको सूचना, भू-नक्शा र जमिनको क्षेत्रसहित दंगीशरण गाउँपालिका तहको प्रतिवेदन तयार भएको हुनेछ ।<br>• सबै नक्शा र परिवेशसहित सरकारी र सार्वजनिक जग्गासहितको एकिन प्रतिवेदन तयार हुने छ ।<br>• दंगीशरण गाउँपालिकाको भू-उपयोग विनियम तयार भएको हुनेछ ।<br>• स्थानीय सरकारसँगको समन्वयमा सिकाइका चरणसहित स्रोत सामग्रीको रूपमा सामुदायिक भूमि नक्शाङ्कन सम्बन्धी पुस्तिका, गाईडलाईन प्रकाशन भएको हुनेछ । |
| **अबधि** | अगस्ट २०१९ देखि जुलाई २०२० |
| **जम्मा बजेट** | २५,००० डलर |